नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**नेपाल मौसम विज्ञान विभाग**

मौसम पूर्वानुमान महाशाखा

दशैँ विशेष मौसम बुलेटिन

जारी मितिः २०८३-०६-३०, दिउँसो ३:०० बजे (२०२६ अक्टोबर १६ )

हालको मौसम विश्लेषण अनुसार नेपालबाट मनसुन बहिर्गमन भइसकेकोले यस वर्षको दशै अवधिभर पश्चिमी वायूको आंशिक प्रभाव मात्र रहने देखिन्छ ।

### २०८३ असोज ३१ गते (शनिबार) फूलपाती

**दिउँसोः** कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी प्रदेशका हिमाली भू-भागमा आंशिक बादल लाग्नेछ । देशका पहाडी भू-भागमा आंशिक बादल लाग्नेछ। मधेश तथा कोशी, बागमती र गण्डकी प्रदेशको तराई भू-भागमा आंशिक बादल लाग्नेछ , लुम्बिनी र सुदुरपश्चिम प्रदेशको तराई भू-भागमा मौसम मुख्यतया सफा रहनेछ। **देशको हिमाली भू-भाग तथा कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित हल्का वर्षा/हिमपातको सम्भावना छ ।**

**रातिः** देशको हिमाली भू-भागमा आंशिक बादल लाग्नेछ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भू-भागमा आंशिक बादल लाग्ने तथा बाँकी पहाडी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ। तराई भू-भागमा बिहानपख केही स्थानमा हुस्सु/कुहिरो लाग्नेछ । **कोशी, गण्डकी र कर्णाली प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना छ ।**

### २०८३ कार्तिक ०१ गते (आइतबार) अष्टमी

**दिउँसोः** देशका हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्नेछ । मधेश तथा कोशी, बागमती र गण्डकी प्रदेशको तराई भू-भागमा आंशिक बादल लाग्नेछ तथा लुम्बिनी र सुदुरपश्चिम प्रदेशको तराई भू-भागमा मौसम मुख्यतया सफा रहनेछ। **देशको हिमाली भू-भाग तथा कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित हल्का वर्षा/हिमपातको सम्भावना छ ।**

**रातिः** कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका हिमाली र पहाडी भू-भागमा आंशिक बादल लाग्ने तथा कर्णाली र सुदुरपश्चिम प्रदेशको हिमाली पहाडी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ। तराई भू-भागमा बिहानपख केही स्थानमा हुस्सु/कुहिरो लाग्नेछ । **कोशी र गण्डकी प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना छ ।**

### २०८३ कार्तिक ०२, ०३ र ०४ गते अष्टमी, नवमी र दशमी

कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली भू-भागमा आंशिक बादल लाग्नेछ । देशको बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ । **कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भाग साथै कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना छ ।**




चेतावनी/ परामर्श नक्शा

## वर्षा/हिमपात हुने दिन तथा क्षेत्रहरू

| २०८३ असोज ३१ गते (शनिबार) फूलपाती (दिउँसो) | २०८३ असोज ३१ गते (शनिबार) फूलपाती (राति) |
|---|---|
|  |  |
| २०८३ कार्तिक ०१ गते (आइतबार) अष्टमी (दिउँसो) | २०८३ कार्तिक ०१ गते (आइतबार) अष्टमी (राति) |
|  |  |
| २०८३ कार्तिक ०२ गते (सोमबार) अष्टमी | २०८३ कार्तिक ०३ गते (मंगलबार) नवमी |







**२०८३ कार्तिक ०४ गते (बुधबार) दशमी**




| | |
|---|---|
| | **एक-दुई स्थान** |
|  | **हल्का वर्षा/हिमपात** |
|  | **मेघगर्जन सहित हल्का वर्षा** |

मौसम सम्बन्धि पछिल्लो सूचना तथा पूर्वानुमानबारे नियमित रूपमा जानकारी लिनुहुन सर्वसाधारण तथा सम्बन्धित सबै सरोकारवाला निकायहरूलाई अनुरोध छ ।

**विजया दशमी २०८३ को पावन अवसरमा नेपाल मौसम विज्ञान विभाग परिवार सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।**

मौसम सम्बन्धी थप जानकारीका लागि सम्पर्क राख्नुहोला :

मौसम पूर्वानुमान महाशाखा, नेपाल मौसम विज्ञान विभाग

फोन: ११५५(१)

Facebook: https://www.facebook.com/mfd.nepal.5

Twitter: www.twitter.com/NMD_Weather